नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
यान्त्रिक कार्यालय, फिदिम, पाँचथर

# लिलाम सम्बन्धि सूचना

बोलपत्र सूचना नं. : MOPHIDIM/AUCTION/01/2080-81
प्रथम पटक प्रकाशित मिति : २०८०।११।२४

यस कार्यालयको आम्दानीमा रहेको पुरानो लिलाम योग्य यान्त्रिक उपकरण, कार्यालय सामान, टुटफुट भई काम नलाग्ने टुल्स, फेरिएका गाडीका ब्याट्री तथा स्पेयर पार्टस स्क्राप जिन्सी सामानहरू जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । बोलपत्र दाताले(व्यक्ति वा संस्था) प्रथम पटक प्रकाशित मिति २०८०।११।२४ गतेदेखि १५(पन्द्र) दिन भित्र बोलपत्र फाराम खरिद गरि सक्नु पर्नेछ र १६(सोह्रौ) दिनको १२:०० बजेभित्र यस कार्यालयमा दर्ता गरि सक्नुपर्नेछ र सोही दिन दिउसो २:०० बजे शिलबन्दी बोलपत्र खोलिने छ । रित पूर्वक नआएका बोलपत्रहरू माथि कुनै कार्वाही हुने छैन । बोलपत्र फाराम यस कार्यालयको लेखा शाखाबाट रू. १०००।०० तिरी प्राप्त हुनेछ । अन्य जानकारी आवश्यक परेमा कार्यालयमा सम्पर्क (०२४-५२२४४८, ९८५२६२१४४८) गर्न सक्नु हुनेछ तथा विस्तृत विवरणको सूचना हेर्न सडक विभागको वेबसाइट www.dor.gov.np मा हेर्न सक्नु हुनेछ ।

नोट: माथि उल्लेख लिलाम योग्य मालसामानहरूको जम्मा न्युनतम मूल्य रू. ४,९१,८६४।-(भ्याट बाहेक) रहेको छ ।

कार्यालय प्रमुख

मेकानिकल इन्जिनियर
(कार्यालय प्रमुख)

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
यान्त्रिक कार्यालय, फिदिम, पाँचथर

# बोलपत्र पुस्तिका

बोलपत्र आह्वान सूचना नं. : MOPHIDIM/AUCTION/01/2080-81
बिषय : पुराना(लिलाम योग्य) यान्त्रिक उपकरण, कार्यालय सामान, टुल्स, फेरिएका ब्याट्री र स्पेयर पार्टस स्क्राप लिलाम बिक्री ।

बोलपत्र सूचना प्रकाशित मिति : २०८०।११।२४

बोलपत्र खरिद मिति : प्रथम पटक सूचना प्रकाशित मितिले १५औं दिनसम्म (२०८०।१२।०८)

बोलपत्र दर्ता मिति : प्रथम पटक सूचना प्रकाशित मितिले १६औं दिनको १२:०० बजेसम्म (२०८०।१२।०९)

बोलपत्र खुल्ने मिति : प्रथम पटक सूचना प्रकाशित मितिले १६औं दिनको २:०० बजे(२०८०।१२।०९)

बोलपत्र दाताको नाम :

ठेगाना :

सम्पर्क टेलिफोन/मोबाइल नं. :

कम्पनि/फर्मको छाप :

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग

# यान्त्रिक कार्यालय, फिदिम, पाँचथर

## लिलाम सम्बन्धि सूचना

बोलपत्र सूचना नं. : MOPHIDIM/AUTION/01/2080-81

प्रथम पटक प्रकाशित मिति : २०८०।११।२४

१. यस कार्यालयको पुराना (लिलाम योग्य) सामानहरू लिलाम बिक्री गर्न स्थानीय फिदिम टुडे दैनिक पत्रिकामा सूचना प्रकासन मितिले १५औ दिनभित्र ईच्छुक खरिदकर्ताबाट सिलबन्दी बोलपत्र आव्हान गरिन्छ । यो सूचना सडक विभागको वेबसाईट www.dor.gov.np मा समेत हेर्न सकिनेछ ।

लिलाम गर्ने सामानको संक्षिप्त विवरण

| सि.नं. | सामानको विवरण | परिमाण | न्युनतम मूल्य(VAT बाहेक) |
|---|---|---|---|
| १ | लिलाम योग्य पुराना यान्त्रिक उपकरण | २ थान | सि.नं. १ देखि ५ सम्मका न्युनतम मूल्य रू.४,९१,८६४।- (चार लाख एकानब्बे हजार आठ सय चौषठ्ठी मात्र) |
| २ | लिलाम योग्य पुराना कार्यालय सामानहरू | १८ थान | |
| ३ | लिलाम योग्य टुटफुट भएका पुराना टुल्स | ३० थान | |
| ४ | लिलाम योग्य फेरिएका पुराना गाडीको ब्याट्री | २७ थान | |
| ५ | फेरिएका पुराना स्पेयर पार्टस(स्काप अनुमानित) | ५०० के.जी. | |

२. बोलपत्र फाराम पाइने स्थान : श्री यान्त्रिक कार्यालय, फिदिम, पाँचथर ।

३. बोलपत्र फाराम दस्तुर : रू.१०००।- (फिर्ता नहुने), बोलपत्र खरिद गर्न लाग्ने दस्तुर नेपाल बैंक लिमिटेड, फिदिम, पाँचथर, राजश्व खाता नं. ००१०१०००००००१००१००१, राजश्व शिर्षक नं. १४२२९, यान्त्रिक कार्यालय, फिदिम कार्यालय कोड नं. ३३७०१०२०२ मा बुझाई सक्कलै बैंक भौचर निवेदनसाथ बुदा नं. ९ मा उल्लेख गरे अनुरसारको कागजात पेश गरि वा यान्त्रिक कार्यालय, फिदिमको लेखा शाखाबाट नगद जम्मा गरी उल्लेखित कागजातका साथ निवेदन दिई बोलपत्र फाराम प्राप्त गर्न सकिनेछ ।

४. बोलपत्र खरिद अन्तिम मिति : प्रथम पटक सूचना प्रकाशित मितिले १५औ दिनसम्म ।

५. बोलपत्र दर्ता अन्तिम मिति र स्थान : प्रथम पटक सूचना प्रकाशित मितिले १६औ दिन दिनको १२:०० बजेसम्म यान्त्रिक कार्यालय, फिदिम, पाँचथर ।

६. बोलपत्र खोलिने समय, मिति र स्थान : प्रथम पटक सूचना प्रकाशित मितिले १६औ दिन दिनको २:०० बजे, यान्त्रिक कार्यालय, फिदिम, पाँचथर । सो दिन सार्वजनिक बिदा परेमा सोही समयमा सोको लगतै अर्को दिन ।

७. धरौटी रकम : कबोल अंकको १० प्रतिशत (भ्याट सहित) ।

८. धरौटी जम्मा गर्ने बैंकको नाम, खाता नं. र कार्यालय कोड नं. : बोलपत्र जमानी बापतको रकम कोष तथा लेखा नियन्त्रक कार्यालय, पाँचथरको नेपाल बैंक लिमिटेड, फिदिममा रहेको धरौटी खाता नं. ०६७०१०००००२००३००००००१, यान्त्रिक कार्यालय, फिदिमको कार्यालय कोड नं. ३३७०१०२०२ मा दाखिला गरी सक्कल बैंक भौचर वा नेपाल सरकारबाट मान्यता प्राप्त बैंकहरूबाट बोलपत्र दाखिला गर्ने अन्तिम मितिले कम्तीमा १२० दिन म्याद भएको यस कार्यालयको पक्षमा जारी गरिएको बैङ्क जमानत(बिड बण्ड) पत्र संलग्न हुनुपर्नेछ ।

९. बोलपत्र खरिद गर्न इच्छुक ब्यक्ति वा संस्थाले पेश गर्नु पर्ने कागजातहरू :
(क) फर्म भए नविकरण भएको ईजाजत पत्रको प्रमाणित प्रतिलिपि
(ख) आ.ब. ०७९।८० सम्मको कर चुक्ताको प्रमाणित प्रतिलिपि
(ग) ब्यक्ति भए नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि ।

१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

११. लिलाम बिक्री हुने यान्त्रिक उपकरणको ब्लु बुक नदिने र पुन: दर्ताको लागि सिफारिस समेत गरिने छैन।

१२. बोलपत्र फाराम सिलबन्दी नभएको, बोलपत्र दाताको सही छाप नभएको, म्याद भित्र दाखिला नभएको, तोकिएको धरौटी रकम जम्मा नभएको इत्यादि कुनै कारणबाट रित नपुगेको बोलपत्र माथि कुनै कारवाही हुने छैन ।

१३. बोल कबोल गरेको कुल जम्मा रकममा मु.अ.कर १३ प्रतिशत अतिरिक्त लाग्नेछ ।

१४. अन्य बिस्तृत विवरण तथा लिलाम हुने सामान हेर्नको लागि कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
यान्त्रिक कार्यालय
फिदिम, पाँचथर

मेकानिकल इन्जिनियर
(कार्यालय प्रमुख)

# बोलपत्र सम्बन्धि निर्देशिका



१. पुराना लिलाम योग्य यान्त्रिक उपकरण, कार्यालय सामान, टुल्स, ब्याट्री र फेरिएका स्पेयर पार्टस स्क्रापहरू जे जस्तो अवस्थामा छ सोही स्थितिमा लिलाम हुनेछ ।

२. यस कार्यालयबाट पत्रिकामा सूचना प्रकाशित भै लिलाम बिक्री गर्न लागिएका यान्त्रिक उपकरण, कार्यालय सामान, टुल्स, ब्याट्री तथा फेरिएका पुराना स्पेयर पार्टस स्क्रापहरू बोल कबोल तालिकामा मूल्य खुलाई पेश गर्नु पर्नेछ ।

३. बोलपत्रमा उल्लेख सामान बोल कबोल तालिकाको सि.नं. १ देखि ५ सम्मको कबोल गर्नु पर्नेछ (लिलामी सामानहरू आंशिक रूपमा बोल कबोल गर्न पाईने छैन) ।

४. बोलपत्रसाथ कबोल गरेको रकमको (भ्याट सहित) १०% (दश प्रतिशत) बराबर हुन आउने रकम कोष तथा लेखा नियन्त्रक कार्यालय, पाँचथरको नेपाल बैंक लिमिटेड फिदिम, पाँचथरमा रहेको धरौटी खाता नं. ०६७०१०००००२००३००००००१, यान्त्रिक कार्यालय, फिदिमको कार्यालय कोड नं. ३३७०१०२०२ मा दाखिला गरी सक्कल बैंक भौचर वा नेपाल सरकारबाट मान्यता प्राप्त बैकहरूबाट बोलपत्र दाखिला गर्ने अन्तिम मितिले कम्तीमा १२० दिन म्याद भएको यस कार्यालयको पक्षमा जारी गरिएको बैङ्क जमानत (बिड बण्ड) पत्र संलग्न हुनुपर्ने छ ।

(धरौटी बापत नगद रकम राख्न पाईने छैन, माथि उल्लेख भए अनुसारको बैंक जम्मा भौचर वा बैंक ग्यारेन्टी सिलबन्दी भित्रै पेश गर्नुपर्ने छ । पूर्ण वा आंशिक नगद रकम सिलबन्दी भित्र राखिएको अवस्थामा निजको बोलपत्र सारभुतरूपमा अप्रभावग्राही मानिनेछ र सो बोलपत्र मूल्यांकन प्रकृयामा समावेश गरिने छैन ।)

५. बोलपत्रको मूल्य तालिकामा बोलपत्र दाताको पुरा नाम, ठेगाना, सम्पर्क नम्बर समेत अनिवार्य खुलाउनु पर्नेछ र बोलपत्र दाताले बोलपत्र फाराम र बोल कबोल मूल्य तालिकामा अनिवार्य रूपमा सहि छाप गरेको हुनु पर्नेछ ।

६. बोलपत्र दाताले लिलाम हुने सामान हेर्न चाहेमा कार्यालय समय भित्र हेर्न सकिनेछ ।

७. बोलपत्र उपलब्धि, दाखिला र अन्य बोलपत्रसाथ संलग्न हुनु पर्ने कागजात सूचनामा उल्लेख भए अनुसार हुनु पर्नेछ ।

८. बोल कबोल गरेको रकम अंक र अक्षरमा फरक परेमा अक्षरमा मान्यता दिइने छ । केरमेट गरी पुनः लेखन गरेमा बोलपत्र दाताले सही छाप गर्नु पर्नेछ । टिपेक्स लगाएर पुनः लेखन गरेको बोलपत्र मान्य हुने छैन ।

९. बोलपत्रदाताले लिलाम सकार गरेका सम्पुर्ण यान्त्रिक उपकरणहरू साबिक अवस्थामै लोड गरी ढुवानी गर्न पाईने छैन । साथै प्रत्येक यान्त्रिक उपकरणको टुक्रा बनाई ढुवानी गरी लैजानु पर्नेछ ।

१०. बोलपत्र उपलब्ध, दाखिला र बोलपत्र साथ संलग्न हुनुपर्ने कागजातहरू सूचना तथा प्रचलित ऐन नियममा उल्लेख भए अनुसार हुनेछ ।

११. लिलाम प्रकृयामा कुनै द्विविधा भएमा यस कार्यालयको निर्णयलाई अन्तिम मानिनेछ ।

१२. दर्ता भई सकेको बोलपत्र फिर्ता लिन वा संसोधन गर्न पाइने छैन ।
१३. स्थानिय कर वा अन्य जुनसुकै लाग्ने कर बोलपत्र दाता स्वयंले ब्यहोर्नु पर्नेछ ।

# लिलाम बिक्री शर्तनामा

श्री सडक विभाग,
यान्त्रिक कार्यालय, फिदिम, पाँचथर ।

१. मैले/हामीले त्यस कार्यालयबाट फिदिम टुडे दैनिक पत्रिकामा प्रकाशित लिलाम बिक्री सूचना नं. MOPHIDIM/AUCTION/01/2080-81 राम्ररी पढी सो सूचनामा उल्लेखित निर्देशन तथा तपसिलका सम्पूर्ण शर्तहरूमा मेरो/हाम्रो पूर्ण मंजुरी जनाई फेरिएका पुराना स्पेयर पार्टस(स्क्राप अनुमानित) ५०० के.जी., यान्त्रिक उपकरणहरू २ थान, कार्यालय सामानहरू १८ थान, टुटफुट भाँचिएका टुल्स ३० थान, फेरिएका पुरानो ब्याट्रीहरू २७ थान जाँची हेरी संलग्न बोलपत्रमा उल्लेखित कुल जम्मा रू.................................................................................................................................... मा लैजान मंजुर गर्दछु/गर्दछौ ।

२. मैले/हामीले बोलपत्रमा कबोल गरेको अंकमा मु.अ.कर(भ्याट) १३% समेत थप गरी हुन आउने रकमको १०% (दश प्रतिशत) बराबर रकम रू........................................ खातावलाको नाम : को.ले.नि.का., पाँचथर, बैंक : नेपाल बैंक लिमिटेड, फिदिम, पाँचथर मा रहेको धरौटी खाता नं. ०६७०१००००२००३००००१, यान्त्रिक कार्यालय, फिदिमको कार्यालय कोड नं. ३३७०१०२०२, धरौटी खातामा मिति ............................... जम्मा गरी सो को सक्कलै बैंक भौचर वा त्यस कार्यालयको नाममा जारी गरेको ..................अवधिको ........................................ बैंक .................. को बैंक जमानी पत्र ( बैंक ग्यारेन्टी) यसै बोलपत्र साथ संलग्न गरी पेश गरेको छु/छौ । धरौटी वापत जम्मा गरेको रकम बैंक ग्यारेन्टी बोलपत्रमा मैले/हामीले कबोल गरेको (भ्याट सहित) कुल रकमको १०% भन्दा घटी भएमा सो कारणबाट मेरो/हाम्रो बोलपत्र अयोग्य भएमा मेरो/हाम्रो मंजुरी छ ।

३. उल्लेखित लिलाम योग्य यान्त्रिक उपकरण, कार्यालय सामान, टुल्स, ब्याट्री, फेरिएका पुराना स्पेयर पार्टस स्क्रापहरू मध्ये आंशिक रूपमा केही सामानको मात्र बोलपत्र दिन नपाउने र त्यसो गरेमा मेरो/हाम्रो बोलपत्र स्वत: रद्द हुने कुरा मैले/हामीले बुझेको छु/छौ ।

४. मेरो/हाम्रो बोलपत्र खुलेको मितिदेखि बोलपत्र स्वीकृत भए पछि आफुले कबोल गरेको कुल रकम (भ्याट सहित) एकमष्ठ बुझाई सामान उठाई लैजान मेरो/हाम्रो मंजुरी छ । सो म्याद भित्र आफुले बोलपत्रमा कबोल गरेको रकम थप घट गर्ने छैन र सो गरेमा १०% बराबरको मेरो/हाम्रो धरौटी रकम जफत गरेमा मेरो/हाम्रो मंजुरी छ ।

५. मेरो/हाम्रो बोलपत्र स्वीकृत भएमा सोको लिखित जानकरी पाएको मितिले ७(सात) दिनभित्र मैले/हामीले बोलपत्रमा कबोल गरेको एकमुष्ठ रकम(भ्याट सहित) राजश्व खातामा जम्मा गरी सो को सक्कलै बैंक भौचर त्यस कार्यालयमा पेश गर्नेछु/गर्नेछौ । तत्पश्चात सामान उठाई लैजाने आदेश भएपछि अर्को १५(पन्द्र) दिन भित्रमा उपरोक्त सामानहरू उठाई लैजाने छु/छौ ।

६. बुदा ६ मा उल्लेख भए बमोजिम बोलपत्र स्वीकृत भएको लिखित जानकारी पाएको ७(सात) दिनभित्र मैले/हामीले आफ्नो बोलपत्र कबोल गरेको (भ्याट सहित) जम्मा एकमुष्ठ रकम राजश्व खातामा जम्मा गरी भौचर पेश गर्न नसकेमा, सो कारणबाट मेरो/हाम्रो १०% (दश प्रतिशत) बराबरको धरौटी रकम जफत भएमा मेरो/हाम्रो मंजुरी छ ।

७. बुदा ६ मा उल्लेखित काम समाप्त भए पछि मेरो/हाम्रो तर्फबाट यस शर्तनामा विपरीत काम कार्वाही भए गरेको ठहरेमा मेरो/हाम्रो धरौटी फिर्ता हुने छैन भन्ने कुरा मैले/हामीले बुझेको छु/छौ ।

८. मैले/हामीले त्यस कार्यालयबाट खरिद गरेको एउटा मात्र बोलपत्र पेश गरेको छु/छौ र (भ्याट सहित) कबोल गरेको रकम फरक परी कुनै पनि तरिकाले एक भन्दा बढी बोलपत्र पेश गरेको प्रमाणित भएमा सो कारणबाट मेरो/हाम्रो बोलपत्र रद्द गरेमा मेरो/हाम्रो मंजुरी छ ।

९. मैले/हामीले आफैले दर्ता नगराई अन्य साधनद्वारा बोलपत्र पठाएमा सो बुझी ल्याउने र दर्ता गर्ने जिम्मेवारी त्यस कार्यालयको नरहेको व्यहोरा मैले/हामीले बुझेका छौ ।

१०. मेरो/हाम्रो बोलपत्र बिना कारण जनाई पुर्णरूपले वा आंशिकरूपले स्वीकृत गर्ने वा नगर्ने जिम्मेवारी त्यस कार्यालयमा सुरक्षित रहनेछ भन्ने कुरा मैले/हामीले बुझेका छौ ।

११. मेरो/हाम्रो बोलपत्रमा कबोल गरेको (भ्याट सहित) रकम नेपाली मुद्रामा उल्लेख गरेको छु/छौ । सामान्य गणितको भुलबाट वा अन्य कारणबाट रकम फरक पर्न गएमा त्यस कार्यालयले ठहर्‍याएको सही अंकलाई मान्यता दिन मेरो/हाम्रो मंजुरी छ ।

१२. मैले/हामीले निम्न ठेगानामा बुझाईएको वा रजिष्ट्री डाकद्वारा पठाईएको पत्र म/हामी कहाँ समयमा नै पुगेको मानिने व्यहोरा मैले/हामीले बुझेका छु/छौ ।

१३. उपरोक्त शर्तहरू मलाई/हामीलाई पुर्णरूपमा मान्य छन् र मैले/हामीले आफ्नो तर्फबाट कुनै थप वा विपरित शर्तहरू उल्लेख गरेको छैन ।

१४. त्यस कार्यालयबाट मूल्यांकन भएको न्युनतम मूल्य भन्दा घटी मूल्य राखी पेश भएको बोलपत्र स्वीकृत हुने छैन भन्ने कुरा मैले/हामीले बुझेका छौ ।

१५. उल्लेखित लिलाम य्रोग्य यान्त्रिक उपकरण तथा सवारी साधनहरूको ब्लु बुक र नम्बर नदिने तथा नामसारीको लागि सिफारिस समेत नगर्ने मैले/हामीले बुझेका छु/छौ ।

| <u>बोलपत्रदाताको साक्षीको</u> | <u>बोलपत्रदाताको</u> |
|---|---|
| दस्तखत : | दस्तखत : |
| नाम : | नाम : |
| ठेगाना : | ठेगाना : |
| सम्पर्क नं. : | सम्पर्क नं. : |
| मिति : | मिति : |

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
यान्त्रिक कार्यालय
फिदिम, पाँचथर

मेकानिकल इन्जिनियर
(कार्यालय प्रमुख)



## लिलाम हुने यान्त्रिक उपकरण, कार्यालय सामान, टुल्स, ब्याट्री र स्क्रापको विवरण

| सि.नं. | विवरण | मेक/मोडेल | विभागीय नं./दर्ता नं. | परिमाण | ईकाइ | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ग्रेडर | Mitsubishi/LG2H | ०५५-०३२ | १ | थान | २ थान पुरानो यान्त्रिक उपकरण |
| २ | वाटर पम्प | | | १ | थान | |
| ३ | ट्यांकी(पानी) | | | १ | थान | १८ थान टुट फुट, पुरानो कार्यालय सामानहरू |
| ४ | डेस्कटप कम्प्युटर | Dell | | १ | थान | |
| ५ | फ्याक्स मेशिन | Cannon | | १ | थान | |
| ६ | मोनिटर | Dell | | १ | थान | |
| ७ | यु.पि.एस. | | | १ | थान | |
| ८ | टि टेबल | | | १ | थान | |
| ९ | कुर्सी(प्लाष्टिक) | | | १० | थान | |
| १० | स्टेण्ड पंखा | | | २ | थान | |
| ११ | T-Handle | | | २ | पिस | ३० थान टुट फुट भएका हाते टुल्स |
| १२ | Nose Pliers | | | २ | पिस | |
| १३ | Slide Wrench | | | २ | पिस | |
| १४ | Allen Key Wrench | | | १३ | पिस | |
| १५ | Combination Dial Wrench | | | १ | पिस | |
| १६ | T Handle Opener | | | ४ | पिस | |
| १७ | Socket Wrench | | | ६ | पिस | |
| १८ | Battery | 160 AmH | | २ | थान | २७ थान फेरिएका गाडीको पुरानो ब्याट्री |
| १९ | Battery | 150 AmH | | १२ | थान | |
| २० | Battery | 120 AmH | | ७ | थान | |
| २१ | Battery | 80 AmH | | ६ | थान | |
| २२ | फेरिएका स्पेयर पार्टस (स्क्राप) | | | ५०० के.जी. | | अनुमानित |

मेकानिकल इन्जिनियर (कार्यालय प्रमुख)

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
यान्त्रिक कार्यालय, फिदिम, पाँचथर

## यान्त्रिक उपकरण, कार्यालय सामान, टुल्स, ब्याट्री र स्क्रापहरूको लिलाम बिक्री बोल कबोल तालिका

| सि.नं. | विवरण | परिमाण (एकमुष्ठ) | मालसामानको न्युनतम मूल्य रू. | बोलपत्र दाताले कबोल गरेको मूल्य रू. | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | अङ्कमा | अक्षरमा | |
| १ | सि.नं. १ र २ को पुरानो यान्त्रिक उपकरणहरू | २ थान | ३८२६२०।०० | | | |
| २ | सि.नं. ३ देखि १० सम्मका कार्यालय सामानहरू | १८ थान | ११९९२।०० | | | |
| ३ | सि.नं. ११ देखि १७ सम्मका टुल्स | ३० थान | २४२।०० | | | |
| ४ | सि.नं. १८ देखि २१ सम्मका ब्याट्री | २७ थान | ७६०१०।०० | | | |
| ५ | सि.नं. २२ को स्क्राप | अ. ५०० के.जी. | २१०००।०० | | | |
| | जम्मा न्युनतम मूल्य रू ४,९१,८६४।०० | | | | | |

कुल जम्मा न्युनतम मूल्य रू. ४,९१,८६४।००(चार लाख एकानब्बे हजार आठ सय चौषट्ठी मात्र)(भ्याट बाहेका)

बोलपत्रदाताले कबोल गरेको जम्मा मूल्य रू. :
(अक्षरमा :..........................................................................................................)

बोलपत्रदाताको
सही :
नाम :
ठेगाना :
मिति :